# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## सहकारी दिवसको शुभकामना

वि.स. २०१३ साल चैत २० गते चितवनमा बखानपुर ऋण सहकारी समिति स्थापना भएको स्मरण गर्दै नेपालमा आज ६६ औं राष्ट्रिय सहकारी दिवस मनाइँदैछ । 'सबैका लागि एक र एकका लागि सबै' भन्ने मूल ध्येय लिई सञ्चालित सहकारीमा संलग्न सबैमा यस अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

समुदायमा छरिएर रहेको पुँजी, प्रविधि र प्रतिभालाई एकीकृत गरी सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि सहकारी अभियान प्रभावकारी हुनुपर्दछ । आर्थिक वृद्धि र दिगो विकास गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकासमार्फत उपलब्ध साधन एवं स्रोतको अधिकतम् परिचालन गर्ने कुरा संविधानमै उल्लेख गरी सहकारीलाई तीन खम्बे अर्थ नीति मध्येको एक खम्बा मानिएको छ । संघ प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा राखी यसको विकास, नियमन तथा प्रबर्द्धन कार्यमा जोड दिईएको छ । यसबाट हाम्रो देशमा सहकारी कार्यक्रमहरुको समुचित उत्थान भइरहेको छ र यो खुशीको विषय हो ।

आर्थिक क्षेत्रमा रहेका असमानताहरूमाथि हस्तक्षेपकारी भूमिका खेल्दै नागरिकहरूको आर्थिक समुन्नतीमा सहकारिताबाट सघाउ पुग्नुपर्दछ । अझ दुर्गम क्षेत्रका विपन्न वर्गलाई यस अभियानमा समेटी उनीहरुलाई विभिन्न स्वरोजगारका अवसर सिर्जना गराउँन यसका अभियन्ताहरू निरन्तर लागिपर्नु आवश्यक देखिन्छ । सहकारी संस्थाहरु पनि वित्तीय अनुशासन पालना गर्दै समुदायमा आधारित,सदस्य केन्द्रित र यसको मूल्य मान्यता, सिद्धान्त र मर्म अनुरुप अघि बढेमा सहकारी अभियान थप सार्थक बन्नेछ । यस दिवसका अवसरमा पुनः एक पटक शुभकामना व्यक्त गर्दछु ।

२०७९ चैत २० गते, सोमबार

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख